**बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित**

# बर्जु राजपत्र

**खण्ड: ३ संख्या : ४५ मिति : २०७९।१०।१३**

**भाग - १**

## बर्जु गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि बर्जु गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।**

**बर्जु गाउँपालिका खेलकुद विकास ऐन, २०७९** **गाउँ सभाबाट पारित मिति : २०७९।१०।०८**
**प्रमाणीकरण मिति : २०७९।१०।१३**

प्रस्तावनाः बर्जु गाउँपालिका क्षेत्रभित्र खेलकुद विकास गर्न एवम् गाउँपालिकाभित्र रहेका खेलकुद संघ संस्थाहरुलाई प्रोत्साहन एवम् नियमन गर्न र युवा तथा खेलकुद शाखालाई सक्रिय बनाउन कानुनी व्यवस्था गर्न आवश्यक भएकोले नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ को "क" वमोजिम बर्जु गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँ सभाबाट अनुमोदन गरी यो गाउँपालिका खेलकुद विकास ऐन, २०७९ जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः
   क. यो ऐनको नाम बर्जु गाउँपालिका खेलकुद विकास ऐन, २०७९ रहेको छ।
   ख. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

## परिच्छेद-२

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः
   क. 'गाउँपालिका' भन्नाले बर्जु गाउँपालिकालाई जनाउँछ।
   ख. 'ऐन' भन्नाले बर्जु गाउँपालिका खेलकुद विकास ऐन २०७९' सम्झनु पर्दछ।
   ग. 'सल्लाहकार समिति' भन्नाले दफा ३ वमोजिम गठन भएको सल्लाहकार समिति सम्झनु पर्दछ।
   घ. 'बर्जु खेलकुद विकास समिति' भन्नाले यस ऐनको दफा ४ वमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्दछ।
   ङ. 'संयोजक' भन्नाले गाउँ खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्दछ।
   च. 'सदस्य' भन्नाले गाउँ खेलकुद विकास समितिका सदस्यलाई सम्झनु पर्दछ।
   छ. 'सदस्य सचिव' भन्नाले गाउँ खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्दछ।
   ज. ' अध्यक्ष ' भन्नाले बर्जु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।
   झ. 'उपाध्यक्ष' भन्नाले बर्जु गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।
   ञ. ' प्रमुख प्रशासकीय अधिकृत' भन्नाले बर्जु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।
   ट. खेलकुद संम्वन्धी संस्था भन्नाले दफा ११ र १२ बमोजिम दर्ता भएका संस्था सम्झनु पर्दछ।
   ठ. 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस ऐनमा तोकिएको वा तोकिए वमोजिमको सम्झनु पर्दछ।
   ड. 'खेलकुद' भन्नाले बर्जु गाउँपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ।
   ढ. 'खेलाडी' भन्नाले टिम,क्लब, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय,राष्ट्रिय,अन्तराष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्दछ।
   ण. 'प्रशिक्षक ' भन्नाले राष्ट्रिय खेलकुद परिषद वा परिषदवाट मान्यता प्राप्त खेल संघबाट प्रशिक्षकको प्रमाणपत्र प्राप्त व्यक्ति वा बर्जु गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलकुद प्रशिक्षक सम्झनु पर्दछ।
   त. 'प्रशिक्षार्थी ' भन्नाले बर्जु गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागि खेलाडी, खेलाडी टिम, क्लव,संघ संस्थामा आवद्ध सिकारु खेलाडीलाई सम्झनुपर्दछ।
   थ. 'प्रोत्साहन' भन्नाले खेलाडीलाई दिने उपहार,सम्मान र पुरस्कारलाई सम्झनुपर्दछ।

द. 'शाखा' भन्नाले यस बर्जु गाउँपालिकाको शिक्षा शाखा अन्तर्गत रहेको शिक्षा , युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ।

**परिच्छेद-३**

**सल्लाहकार तथा निर्देशक समिति र गाउँपालिका खेलकुद विकास समिति**

३. सल्लाहकार तथा निर्देशन समितिको गठनः खेलकुदको विकास र प्रवर्धन एवम् खेलकुद विकास समितिलाई मार्ग निर्देशन गर्न देहाय बमोजिमको सल्लाहकार समितिको रहनेछः

क. गाउँपालिका अध्यक्ष अध्यक्ष

ख. गाउँपालिका उपाध्यक्ष सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ. युवा तथा खेलकुद समितिको संयोजक सदस्य

ङ. वडाका वडाध्यक्ष सदस्य

च. कार्यपालिकाका सदस्यहरुमध्येवाट गाउँ पालिका अध्यक्षबाट मनोनीत एक जना महिला सदस्य सदस्य

छ. जिल्ला खेलकुद समितिको अध्यक्ष सदस्य

ज. शिक्षा अधिकृत सदस्य- सचिव

४. गाउँपालिका खेलकुद समितिको गठनः

१. खेलकुदको विकास गर्नका लागि बर्जु गाउँपालिकामा देहायवमोजिमको ११ सदस्यीय खेलकुद विकास समितिको गठन हुनेछ।

क. खेलकुदका क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याति प्राप्त पूर्व खेलाडी वा प्रशिक्षकका रुपमा १० बर्ष देखि निरन्तर क्रियाशिल व्यक्ति मध्येबाट बर्जु गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति संयोजक

ख. गाउँ कार्यपालिकाबाट मनोनीत वडाध्यक्ष र कार्यपालिकाका सदस्यहरु मध्येवाट एक महिला सहित मनोनीत दुई जना सदस्य सदस्य

ग. गाउँपालिका, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिष्ठा आय आर्जन गरेका खेलाडी वा पूर्व खेलाडी वा प्रशिक्षक मध्येवाट सम्भव भएसम्म मान्यताप्राप्त खेल संघ वा गाउँपालिका भित्रका क्लबबाट एक/एक जना पर्ने गरी सल्लाहकार समितिको सिफारिसमा गाउँपालिका अध्यक्षबाट मनोनीत कम्तीमा तीन जना महिला सहित ९ जना सदस्यः सदस्य

घ. शिक्षा शाखाको प्राविधिक सहायक सदस्य- सचिव -

२. उपदफा १ बमोजिम मनोनीत गर्दा मान्यता प्राप्त सबै खेल संघबाट प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

३. समितिले आवश्यक महसुस गरेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. गाउँपालिका खेलकुद समितिले आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सक्नेछ।

५. बर्जु गाउँपालिका खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः

खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

१. गाउँपालिका स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने।

२. स्थानीय स्तरका खेलकुदको लागि भौतिक पूर्वाधार निर्माण र खेलकुद विकास योजना निर्माण गर्ने ।

३. खेलकुदको स्तरमा वृद्धि गर्न गाउँपालिका अन्तरपालिका स्तरका विभिन्न विधाका खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने गराउने ।

४. शिक्षण संस्थाहरुमा खेलकुद सम्वन्धी पाठ्यक्रम निर्माण,प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचारप्रसार गर्ने गराउने ।

५. खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गाउँपालिका, नगरपालिका ,उपमहानगरपालिका, महानगरपालिका, जिल्ला ,प्रदेश र संघमा पठाउन सिफारिस गर्ने ।

६. स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लब,संघ, प्रशिक्षण संस्थाहरु सँग समन्वय तथा नियमन गर्ने र आवश्यक निर्देशन गर्ने ।

७. गाउँपालिकालाई खेलकुद विकास सम्बन्धी विषयमा राय सुझाव दिने ।

८. खेलकुद सम्वन्धी संघ, क्लब, संस्थालाई आर्थिक सहयोगको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने ।

९. खेलकुद सम्वन्धी स्तरोन्नति हुने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रस्टा एवम् निर्मातालाई आर्थिक वा अन्य सहयोग गरी प्रोत्साहित गर्न गाउँपालिकालाई सिफारिस गर्ने ।

१०. खेलकुदको दीर्घकालीन विकासको लागि आवश्यकता अनुसार प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।

११. खेलाडीहरुको स्तरोन्नति गर्न आवश्यकता अनुसार स्वदेशी तथाविदेशी प्रशिक्षकहरुवाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकता अनुसार विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने ।

१२.प्रत्येक विद्यालयका खेलकुद शिक्षकलाई तालिम दिने ।

१३.गाउँ भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रबृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने ।

१४.खेलाडीको स्वास्थ्यको प्रवर्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने।

१५.विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपांगहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकता अनुसार त्यस्तो खेलकुदको महत्वको सम्वन्धमा प्रचार प्रसार गर्ने गराउने ।

१६.वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने ।

१७.खेलकुद मार्फत रोजगारी अभिबृद्धि लागि आवश्यक पहल गर्ने ।

१८.वडा स्तरमा क्रियाशील खेलकुद क्लवहरुको समन्वय, नियमन गर्ने।

१९.खेलकुद सामग्री उपलब्ध गराउने ।

२०.खेलकुद ऐन तथा नियमावली,आर्थिक ऐन नियम र सार्वजनिक खरिद ऐन नियम तथा नियमावली, खेलकुद योजना तथा कार्यक्रम सम्बन्धी तालिम प्रदान गर्ने गराउने।

२१.खेलकुद विकासको लागि अन्य आवश्यक कार्य गर्ने ।

६. सदस्य सचिवको काम,कर्तव्य र अधिकारः

१. बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेश अनुसार बैठकको लागि आवश्यक विषयसूची र सामग्री जुटाउने ।

२. बैठकको माईनोट उठवाउने र बैठक सञ्चालन सम्वन्धी आवश्यक काम गर्ने।

३. समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने।

७. समितिका सदस्यहरुको पदावधि:

१. मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुन मनोनयन हुन सक्नेछ। तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ।

२. पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ३ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ।

३. सदस्यले राजीनामा गरि स्वीकृति भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

४. कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यस्तो कारबाही गर्दा सम्बन्धीत सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन।

८. सदस्यको योग्यताः देहायको कुनै व्यक्ति सदस्यमा मनोनीत हुन वा वहाल हुन सक्ने छैन्।

१. गैह्र नेपाली नागरिक
२. समितिमा कार्यरत वैतनिक कर्मचारी
३. साहुको ऋण तिर्न नसकी दामासाहिमा परेको
४. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको
५. मानसिक सन्तुलन ठीक नभएको
६. पदेन सदस्य बाहेक अन्य सदस्य २१ बर्ष उमेर पूरा नभएको

९. सदस्यता समाप्त हुने अवस्थाः देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ।

१. दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा
२. सदस्यले राजीनामा गरेमा
३. मृत्यु भएमा
४. समितिलाई कारण सहितको सूचना नदिइ लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

## परिच्छेद-४
## समितिको बैठक

१०. समितिको बैठक र निर्णयः

१. संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

२. समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

३. समितिको कुल सदस्य सख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

४. समितिको बैठक कम्तिमा प्रत्येक २/२ महिनामा एक पटक गरी एक वर्षमा कम्तिमा छ पटक बस्नेछ।

५. जम्मा सदस्य संख्याको ३ खण्ड मध्येको एक खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ।

६. बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

७. बैठकको निर्णय पुस्तिका सदस्य सचिवले राख्नेछ।

## परिच्छेद- ५
## क्लब, खेल संघहरुको दर्ता र व्यवस्थापन

११. खेलकुद सम्बन्धी संस्थाको दर्ताः

१. खेलकुद सम्वन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दर्ता भएका संस्थाले यस समितिमा समेत दफा ११ बमोजिम दर्ता गर्नु पर्नेछ।

२. उप-दफा १ बमोजिम समितिमा दर्ता नभएका खेलकुद क्लव, खेल संघले बर्जु गाउँपालिकाभित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन्।

१२. संस्था दर्ताको लागि दरखास्त दिनु पर्नेः

१. समितिको लागतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्वन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि तोकिए वमोजिम निवेदन दस्तुरका साथ अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

क. संस्थाको नाम र ठेगाना
ख. सञ्चालन गर्ने खेलकुदको किसिम/विधा
ग. कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेसा।

२. उप-दफा १ बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ।

१३. खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्नेः

१. दफा ११ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैतिस दिनभित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लागतमा नाम दर्ता गराई अनुसूची २ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ। सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धीत कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ।

२. पहिल्लै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागि अनुसूची ३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ।

३. सूचीकृत भएका संस्थाहरुलाई अनुसूची ४ बमोजिम प्रमाणपत्र दिइनेछ। सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धीत कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ।

४. दर्ता वा सूचीकृत भएका संस्थाको नवीकरण गर्न दिइने निवेदन अनुसूची -५ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

५. गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा  आवेदन फारम शुल्क वाहेक अन्य दस्तुर लाग्ने छैन ।

६. प्रत्येक बर्षको आषाढ मसान्त भित्र सबै दर्तावाला वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

७. आर्थिक कारोवार गरिने संस्थाले स्थायी लेखा नं. (PAN) लिएको हुनुपर्नेछ ।

८. दर्ता र नवीकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धीत ठाँउको निरीक्षण गर्नु पर्नेछ ।

९. उपदफा १ बमोजिम लगतमा नाम दर्ता गर्न नसकिएको ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्दछ।

१०. दर्ता भएका टिम, क्लव, संघ र संस्थाले जुनसुकै खेलकुदको प्रतियोगिता गर्नु भन्दा अगाडि गाउँ खेलकुद समितिलाई जानकारी गराइ स्वीकृत लिनु पर्नेछ ।

११. गाउँपालिका खेलकुद समितिमा दर्ता भएका टिम, क्लव र संघ सस्थाहरुले गाउँ खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

१४. हेरफेरको सूचना गर्नुपर्नेः

१. यो ऐन बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा ११ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्तसँग संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना १५ (पन्ध्र) दिन भित्र समितिलाई दिनु पर्नेछ ।

२.उपदफा १ बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाइ लगत अद्यावधिक बनाइ राख्नु पर्नेछ ।

१५. खेलकुद सम्बन्धी संस्थाले हिसाबको स्रेस्ता राख्नुपर्नेछ ।

१. खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी र खर्चको हिसावको स्रेस्ता समितिले तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

२. उप दफा १ बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको स्रेस्ताको जाँचबुझ खेलकुद समितिले जुन सुकै बेला पनि गर्न सक्नेछ ।

३. खेलकुद समितिले उपदफा २ बमोजिम खेलकुद सम्बन्धी संस्थाको स्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसावकिताव अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा यसरी अनियमित भएको हिसाव किताव नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धीत व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

१६. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः

१. समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्वन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धीत खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

२. उप दफा १ बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाव कितावको स्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

३. उपदफा २ बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धी खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

१७. समितिको स्वीकृति लिनुपर्नेः खेलकुद सम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता गाउँभन्दा बाहिर वा राष्ट्रिय वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा बर्जु गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न समितिको स्वीकृत लिनु पर्नेछ ।

१८. सदस्यहरुको भत्ताः

१. सदस्यहरुले समितिको बैठकमा भाग लिएवापत कार्यपालिकाले तोके बमोजिम

बैठक भत्ता पाउनेछन् ।

२. सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

१९. कार्यक्रम तथा बजेटः खेलकुद विकास प्रवर्धनको लागि बर्जु गाउँपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नुपर्नेछ ।

## परिच्छेद-६

## सचिवालय सम्बन्धी व्यवस्था

२२.गाउँपालिका स्तरीय खेलकुद विकास समितिको सचिवालयः गाउँपालिका स्तरीय खेलकुद विकास समिति र सचिवालयको कार्यालय बर्जु गाउँपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखामा रहनेछ।

२१. समितिको छापः गाउँस्तरीय खेलकुद विकास समितिको नाममा एउटा छुट्टै छाप रहनेछ।

## परिच्छेद-७

## आचार संहिता

२३.आचार संहिताः खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी र गाउँ कार्यपालिका र सभाका सदस्यहरुले देहाय वमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः

१. खेलका निर्णायक, खेलाडी , दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागू औषध , मादक पदार्थ, सूर्तीजन्य पदार्थ र पान गुट्का सेवन गर्न पाइने छैन ।

२. प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम वनाउन पाईने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रित गरिँदा गैह्र नेपाली टिमलाई मान्यता दिइनेछ ।

३. प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

४. नैतिक पतन गर्ने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ।
५. खेलको विजय पश्चात पाउने शिल्ड,ट्रफि कहिँ कतै बेच्न,धरौटी राख्न वा उपहार दिन पाइने छैन्। तर कुनै दर्तावाला क्लव विगठन हुन गइ उक्त क्लवले प्राप्त गरेका शिल्ड र ट्रफि गाउँपालिकाको स्वीकृतीमा अर्को दर्तावाला क्लवलाई उपहार दिन बाधा पर्ने छैन।
६. कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाईने छैन्। तर संरक्षण गर्न बाधा पर्ने छैन।
७. खेलको निर्णायक राख्दा तालिमप्राप्त आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाईने छैन।
८. खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग,हुटिङ्ग,अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई लक्षित गरी कार्टुन,चित्रकारीता,हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन।
९. खेलको विकास गरी प्रचार प्रसार गर्न र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृती र इजाजतबिना आफ्नो टिमको नाममा जबर्जस्ती चन्दा उठाउन पाइनेछैन।
१०.गाउँपालिकाको स्वीकृती वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ।
११.यस अघि नै अन्यत्र दर्ता भएका वा गाउँमा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र खेल सञ्चालन गर्न पाइनेछन्।

२३.सौजन्यमा प्रतियोगिता सञ्चालन:दर्तावाला संघसंस्थाहरुले अन्य संघसंस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृती लिनु पर्नेछ। संस्थाको सौजन्यबाट नगदी,जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ।

२४. जरिवाना:

१. दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा तोकिएबमोजिमको जरिवाना गरिनेछ।
२. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ। तर,संस्थाको कुनै व्यक्तिका कारण संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असुलउपर गर्न सक्नेछ।

२५.संस्थाको विगठन:दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विगठन हुन सक्नेछन्।

१. संस्थाका दुई तिहाई बहुमतले संस्था विगठन गर्ने भनी निर्णय गरेमा।
२. लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा।
३. संस्थाले लगातार २ बर्षसम्म कुनै प्रतियोगितामा सहभागी नभएमा वा कुनै खेलकुद कार्यक्रम आयोजना नगरेमा।

२६.विगठित संस्थाको सम्पति :विगठन भएको संस्थाको सम्पति गाउँपालिका मातहतमा रहनेछ।

२७.सजाय:

१. समितिको कुनै सदस्य वा कर्मचारीले नियतबश वा लापरबाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पु-याएमा निजलाई २००००।– (अक्षेरेपी रु.बीस हजार) रुपैयाँसम्म जरिवाना हुन सक्नेछ।
२. आर्थिक सम्पतिमा हानी नोक्सानी पुर्‍याएमा आर्थिक ऐनमा उल्लेख भएबमोजिम कारबाही हुनेछ।

२८.असल नियतले गरेको काममा बचाउ: यस निर्देशिका बमोजिम सदस्यहरुले असल नियतले खेलकुद सम्बन्धी शैक्षिक संस्था,क्लब,संस्थाहरुको अनुगमन तथा नियमन गर्दा कुनै गल्ती भएमा सदस्यहरु उपर कुनै कारवाही हुने छैन ।

२९.यस निर्देशिकामा लेखिएको कुरा यसै बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

३०.प्रतिवेदन:समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३१.बाधा अड्काउ फुकाउने अधिकार:यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा वा व्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

३२.संशोधन: यस ऐनमा आवश्यकता अनुसार कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ र यो ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**अनुसुची – १**

**(दफा ११ को उपदफा (१) सँग सम्बन्धित )**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू , मितिः

बर्जु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

सुनसरी ।

विषयः संस्था दर्ता सम्बन्धमा ।

म / हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खेलकद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट तदर्थ समितिले संस्थाको विधान समेत तयार गरिसकेकाले एक प्रति विधान यसै निवेदनसाथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन दर्ता गरेको छु / छौं । नियम अनुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध गर्दछु/ गर्दछौं।

संस्थाको कार्यालय रहने स्थानः...............................................................

बर्जु गाउँपालिका........................ वडा नं. .............................टोलः..........................

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| मिति | मिति |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

क. संस्थाको विधान सम्झौता।

ख. आवेदक र समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी।

ग. संस्थाको छापको नमुना।

अनुसुचीं–२

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बर्जु गाउँपालिका मितिः
गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी।

विषयः संस्था दर्ता प्रमाण–पत्र।

संस्थाको नामः.................................
ठेगानाः.....................................
दर्ता हुँदाका बखत रहनुभएका समितिका पदाधिकारी र सदस्य संख्याः
दर्ता हुँदाका बखत रहनुभएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण–पत्र प्रदान गरिएको छ। बर्जु गाउँपालिका खेलकुद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिइएको छ।
प्रमुख प्रशासकिय अधिकृत
बर्जु गाउँपालिका
संस्था नवीकरणको विवरणः
नवीकरण गर्ने कर्मचारी सही र गा. पा. को छाप
क्र.स. संस्थाको नाम
नवीकरण भएको मिति नवीकरण दस्तुर नवीकरण गर्ने र्कमचारीको सही
गा. पा. को छाप

अनुसुची – ३

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित )

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

बर्जु गाउँपालिका मितिः

गाउँ कार्यपालिकाको कार्यालय,

सुनसरी ।

विषयः संस्था सूचीकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सन्चालन गर्दै आएका छौँ । गाउँ कार्यपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिनुहुन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरुः

क) दर्ता प्रमाण पत्र ।

ख) चालु वर्षको लेखापरीक्षण प्रतिवेदन ।

ग) कर चुक्ता प्रमाण पत्र ।

घ) कार्य समितिको निर्णय

.........................

..................... हस्ताक्षर

हस्ताक्षर अध्यक्ष

सचिव

**अनुसुचीं–४**

**(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

बर्जु गाउँपालिका मितिः

गाउँ कार्यपालिकाको कार्यालय,

सुनसरी।

विषयः संस्था सूचीकृत प्रमाण–पत्र।

संस्थाको नामः.................................

ठेगानाः......................................

दर्ता हुँदाका बखत रहनुभएका समितिका पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनुभएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण–पत्र प्रदान गरिएको छ। बर्जु खेलकुद विकास समिति र्कायविधि र विधानको अधीनमा रहि खेलकुद सम्बन्धीत गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

प्रमुख प्रशासकिय अधिकृत
बर्जु गाउँपालिका

संस्था नवीकरणको विवरणः
नवीकरण गर्ने कर्मचारीको सही गा. पा. को छाप
क्र.स. सस्थाको नाम
नवीकरण भएको मिति नवीकरण दस्तुरः
नवीकरण गर्ने कर्मचारीको सहीः गा. पा. को छापः

अनुसुचीं–५

(दफा १२ को उपदफा (३ ) सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

बर्जु गाउँपालिका मितिः

गाउँ कार्यपालिकाको कार्यालय,

सुनसरी ।

विषयः संस्था नवीकरण गरिपाऊँ ।

........................ नामक संस्था यस पालिकामा दर्ता /सूचीकृत भई खेलकुद सम्बन्धि गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपसिल बमोजिमका कागजात संलग्न गरी नवीकरण गरीपऊँ भनी निवेदन पेश आएको छु /छौँ। अतः आर्थिक वर्ष ............को संस्था नवीकरण गरिपाऊँ ।

पेस गर्नुपर्ने कागजातहरुः

क) चालु आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।

ख) संस्थाको वार्षिक गतिविधि ।

ग) भावि योजना र बजेट ।

........................................ ................................

हस्ताक्षर हस्ताक्षर

सचिव अध्यक्ष

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत
प्रमोद कुमार चौधरी